आज मिति २०७७।०१।२२ गते प्रमुख जिल्ला अधिकारी श्री यज्ञराज बोहराज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित पदाधिकारीको उपस्थितीमा बसेको जिल्ला संकट व्यवस्थापन केन्द्र कैलालीको बैठक बसी देहाय बमोजिमको निर्णय गरियो।

उपस्थिति

| | |
|---|---|
| प्र.जि.अ. | श्री यज्ञराज बोहरा |
| स.प्र.जि.अ. | श्री मोहनराज जोशी |
| प्र.सेनानी | श्री विकास के.सी. |
| नि.प्र.उ. | श्री दक्ष कुमार वस्नेत |
| स.प्र.उ. | श्री कमल प्रसाद तिउसिना |
| उप-अ.नि. | श्री विकास पाण्डे |

निर्णय

१. यस जिल्लामा प्रवेश गर्ने मुख्य प्रवेश मार्गहरु चिसापानी, फल्टुडे, गुलरीया र खक्रौला तथा त्रिनगरमा आउने अत्यावश्यक सामाग्रीहरु वोकेका सवारी साधन र त्यसमा आउने चालक र सहयोगिलाई सेनिटाईजर गरेर मात्र प्रवेश गर्ने व्यवस्था गर्न अति जरुरी भएकोले उल्लेखित प्रवेश विन्दुहरुमा सेनीटाईज गर्ने व्यवस्थाका लागि आवश्यक पहलको लागि आन्तरिक मामिला तथा कानून मन्त्रालय सु.प. प्रेदशलाई अनुरोध गर्ने।

२. सवै स्थानिय तहहरुलाई हाल निर्माण गरी सञ्चालन गरि रहेका क्वारेण्टाईनहरुलाई थप व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्ने र आवश्यकता अनुसार वडा स्तरमा समेत थप क्वारेण्टाईन निर्माण गर्नु पर्ने भए निर्माण गरी सञ्चालन गर्ने व्यवस्था गर्न पुनः १३ वटै स्थानीय तहहरुलाई अनुरोध गरी पठाउने।

३. दैनिक उपभोग्य, अत्यावश्यक सामाग्री र सेवाको अभाव हुन नदिन सवै स्थानीयतहहरुसँग समान्वय गरी विवरण संकलन गरी सहज रुपले आपूर्तिको व्यवस्था मिलाउने।

४. कृषि उत्पादन, मलखाद, विउविजन, कृषि सामाग्रीहरुलाई सहज ढंगले आवत-जावत गर्न दिने। साथै कृषि सामाग्रीहरुको विक्रि-वितरण गर्दा स्थानीय तहको समन्वयमा स्वास्थ्य सुरक्षाका उपाय अवलम्बन गर्न लगाउने।

५. बर्दिया जिल्ला सँग जोडीएका चिसापानी तथा सत्तीघाट नाकाबाट प्रवेश पास लिएका व्यक्तिहरु बाहेक अन्य व्यक्तिहरुलाई आवत-जावत गर्न नदिने।

६. RDT किटको अभाव भएको देखिएकोले हाललाई २००० थान किटको माग गर्न प्रदेश सरकार सुदूर पश्चिम प्रदेश सामाजिक विकास मन्त्रालयलाई अनुरोध गर्ने।

७. जिल्ला भित्र लक डाउनलाई थप प्रभावकारी बनाई कडाईका साथ लागू गर्ने।

Scanned with CamScanner

पालना गरि/गराई सामाजिक दुरी कायम गरि गराई स्थानीय तह स्तरिय योजनाहरुको हकमा प्राथमिकिकरण गरी सम्वन्धित स्थानिय तहहरुले नै सञ्चालनको अनुमति तथा अनुगमन गर्ने (आफ्नो क्षेत्राधिकार भित्र मात्र) र राष्ट्रिय गौरवको आयोजना, संघिय तथा प्रादेशिक स्तरिय आयोनाहरुको हकमा जिल्ला प्रशासन कार्यालयले समन्वय र सहजिकरण गर्ने ।

- आयोजनाहरुले आवश्यक पर्ने कामदारहरु उपलब्ध भए सम्म स्थानीय व्यक्तिहरु परिचालन गर्ने । जिल्ला वाहिरबाट कामदाहरु ल्याउन परेमा अनिवार्य स्वास्थ्य परिक्षण गरि ल्याउने र स्वास्थ्य परिक्षणको प्रतिवेदन अनिवार्य रुपमा जिल्ला प्रशासन कार्यालय कैलालीमा पेश गर्ने ।
- विकास निर्माणका लागि आवश्यक पर्ने ढंगा गिट्टी वालुवा जस्ता निर्माण सामाग्रिहरुको हकमा सम्वन्धित स्थानीय तहले स्वास्थ्य सुरक्षाको मापदण्ड, सामाजिक दुरी समेतलाई मध्यनजर गरी अनुगमन, नियमन लगायतका आवश्यक व्यवस्था गर्ने ।
- अत्यावश्यक अवस्थामा सम्वन्धित व्यक्तिबाट/निकाय/आयोजना/विभाग/मन्त्रालयबाट अनुरोध भई आएमा औचित्य हेरी जिल्ला प्रशासन कार्यालय कैलालीले सवारी पास उपलब्ध गराउने ।
- जिल्ला संकट व्यवस्थापन केन्द्र कैलाली वा निजले तोकेको कर्मचारीबाट उपरोक्त कृयाकलापको अनुगमन/नियमन गर्ने ।

Scanned with CamScanner